झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**दोश्रो गाउँसभाको अठारौ अधिवेशनको प्रथम बैठक २०८२।१२।२४ गतेका प्रस्तावहरु**

१. गाउँसभाको अठारौ अधिवेशनको वैठक आव्हान गरेको वाचनपत्र सम्वन्धमा।

२. सभाको सफलताको शुभकामना सम्वन्धमा।

३. लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०८२ सम्वन्धमा ।

४. गाउँ सभा सचिवालय स्थापना तथा कार्य सञ्चालन कार्यविधि २०८२ सम्वन्धमा ।

५. बेरुजु फस्योंट कार्यविधि, २०८२ सम्बन्धमा ।

६. संशोधित योजना तथा कार्यक्रम अनुमोदन सम्वन्धमा।

७. समसामायिक विषयबस्तुहरु/प्रस्तावहरु सम्बन्धमा ।

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

खग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

<u>दोश्रो गाउँसभाको अठारौ अधिवेशनको प्रथम बैठक २०८२।१२।२४ गतेका निर्णयहरु</u>

निर्णय नं.१ गाउँसभाको अठारौ अधिवेशनको बैठक आव्हान गरेको वाचनपत्र सम्बन्धमा ।
सरुमारानी गाउँपालिकाका अध्यक्ष एवं गाउँसभाका अध्यक्षज्यूवाट तपशिल वमोजिमको वाचनपत्र सहित गाउँसभाको बैठकको कारवाही सुरु गर्नु भएको थियो ।

<u>तपशिल</u>

गाउँ सभाका सदस्यहरू,

दोश्रो गाउँसभाको १८ अधिवेशनको पहिलो वैठकको कारवाही प्रारम्भ हुन्छ। लुम्विनी प्रदेशको गाउँ सभा/नगर सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा-३ वमोजिम आजवाट प्रारम्भ भएको सरुमारानी गाउँपालिकाको दोश्रो गाउँ सभाको १८ औं अधिवेशनमा सवै सदस्यहरूलाई हार्दिक स्वागत गर्दछु ।

यो अधिवेशन हिउदे अधिवेशन भएकोले यस अधिवेशनलाई विधेयक अधिवेशनको रूपमा पनि लिइने गरिन्छ। भाद्र महिनामा भएको जेन्जी आन्दोलन पछि विकसित घटनाक्रमले कार्यक्रम कार्यान्वयनको अन्यौलता र पछि गएर प्रतिनिधि सभा निर्वाचन २०८२ को कारण पनि यो अधिवेशन नियमित समय भन्दा केही समय ढिलो वस्न गएका छौ।

यस अवधिमा महालेखा परिक्षकको कार्यालयबाट यस गाउँपालिकाको आ.व. २०८१।०८२ को लेखा परीक्षण गरी प्रारम्भिक प्रतिवेदन पेश गरेको र त्यो प्रतिवेदनले औंल्याईएका विभिन्न विषयमाहरुमा कार्यालयले छलफल गरी सम्परीक्षणको लागि पेश गरिएको व्यहोरा यहाँहरुलाई जानकारी गराउदछु। यस चालु आ.व. मुख्य गरी जनप्रतिनिधि, कर्मचारी र शिक्षकहरुको सम्पति विवरण प्रदेश सरकार समक्ष पेश, कर्मचारीहरुको कार्यसम्पादन, तहवृद्धी, वार्षिक प्रगति विवरणहरु तयार, आ.व. २०८१।०८२ को वार्षिक समिक्षा तथा तेश्रो सार्वजनिक सुनुवाई, उपभोक्ता समिति गठन र तालिम, योजनाहरुको लागत ईष्टमेट, उपभोक्ता समितिहरुसंग संझौता, ठेक्का प्रकृयावाट संचालन हुने योजनाहरुको ठेक्का सूचना प्रकाशन र कार्यान्वयन, ढुंगा गिट्टी वालुवाको IEE कार्य र अनुमतिको प्रकृया, हरितालिका तिज, लैंगिक हिंसा सम्वन्धि १६ दिने अभियान सम्वन्धी विभिन्न कार्यक्रम, सामाजिक सुरक्षा कार्यक्रमहरु रकम निकासा, शिक्षकहरुको तालिमहरु, विभिन्न तहका परीक्षा संचालन, विधालयहरुमा अनुदान रकम निकासा,राष्ट्रपति रनिङ्गशिल प्रतियोगिता, बिपद् व्यवस्थापन सम्वन्धी नमुना अभ्यास घटना कार्यक्रम लागएत विभिन्न कार्यक्रम संचालन, गाउँपालिका अन्तर्गत विधालयहरुमा अध्ययनरत सवै वालवालिकाहरुको मुटु रोग सम्वन्धी स्क्रिनिङ्ग (चेकअप) कार्यक्रम, स्वास्थ संस्थाहरुमा औषधि खरिद, स्वास्थ्य सम्वन्धी नियमित विभिन्न कार्यक्रमहरु संचालन, न्यायिक कार्यसम्पादनका कामहरु, मेलमिलाप कर्ताहरुको तालिम,

स्थानीय जलवायु अनुकुलन योजना निर्माण प्रकृया सम्बन्धिका कार्यहरु, विभिन्न मेला पर्वहरु संग सम्बन्धित कार्यक्रमहरु, कृषि तथा पशुविकासका विभिन्न कार्यक्रमहरु लगाएत नियमित कामहरु भैरहेका छन। यस अवधिमा ठेक्कावाट संचालन हुने सबै योजनाहरुको काम अगाडी बढेका छन। उपभोक्ता समितिबाट संचालन हुने अधिकांस योजनाहरु संझौता भई काम भईरहेको छ भने कतिपय योजनाहरुको काम सम्पन्न भई भुक्तानी लिने चरणमा पुगेका छन।

यस वीचमा गाउँपालिकाले विभिन्न दातृसंस्था, संघसंस्थाहरु संग समन्वय, छलफल र सहमति भई कार्य अगाडी बढेका छन । गाउँपालिकाको प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको कार्यसम्पादन मुल्यांकन सम्बन्धी काम, संघीय सरकारमा समपुरक र विशेष अनुदान कार्यक्रमका प्रस्तावहरु पेश गरेका छौ ।भने नेपाल सरकारले हरेक वर्ष स्थानीय तहको सुशासन र कार्यसम्पादन मूल्यांकन सम्बन्धी कार्य सूरु भएको छ ।

चालू आ.ब. को लागि विनियोजित बार्षिक रकम रु. ४९,२१,७९,000.00 रकम मध्ये हाल सम्म चालू खर्च रु. ३९.६५ प्रतिशत र पूजीगत खर्च रु. १४.०१ प्रतिशत गरी कुल जम्मा ३३.५१ प्रतिशत खर्च भएको ब्यहोरा जानकारी गराउदछु । अहिले सम्मको खर्च प्रगति हेर्दा विगत वर्षको भन्दा यो अबधिमा न्यून खर्च भएकोछ। तर पनि सबै विकास निर्माणका कार्यहरु सुचारु रुपमा संचालन भएकोले लक्ष्य अनुसारको प्रगती हुने विश्वास लिएका छौ । म सबै जनप्रतिनिधि तथा कर्मचारीहरुलाई समयमै कार्य सम्पादन गरी गाउँपालिकाले लिएको लक्ष्य हासिल गर्न यसै सभाबाट निर्देशन दिन्छु ।

<u>सभाका सदस्यहरू,</u>

यस गाउँसभाको बैठकमा धेरै विषयबस्तुहरु समावेश गरिएको छैन ·।केही समयको अन्तराल पछि शुरु भएको सरुमारानी गाउँपालिकाको दोश्रो गाउँ सभाको १८ अधिवेशनको बैठकमा हामीले विभिन्न नयाँ विधेयकहरु पेश गर्ने लक्ष्य अनुरुपको कार्यसूची तय गरेका छौ। पेश गरिएका कार्यसूचीहरु माथि सभाका सबै सदस्यहरुको सक्रिय सहभागिताको लागि अनुरोध गर्दछु।

<u>सभामा पेश भएका कार्यसूचीहरु:</u>

१. गाउँसभाको अठारौ अधिवेशनको बैठक आव्हान गरेको वाचनपत्र पढेर सुनाउने।
२. सभाको सफलताको शुभकामना ।
३. लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०८२ पेश
४. गाउँ सभा सचिवालय स्थापना तथा कार्य सञ्चालन कार्यविधि २०८२ पेश ।
५. सरुमारानी गाउँपालिकाको वेरुजु फस्र्यौट सम्वन्धी कार्यविधि, २०८२ पेश ।
६. गाउँकार्यपालिकाले संशोधन गरेका योजना तथा कार्यक्रम अनुमोदनको लागि पेश ।

७. समसामायिक विषयहरुमा छलफल ।

त्यस पछि अध्यक्षज्यूबाट सरुमारानी गाउँपालिकावाट दोश्रो गाउँसभाको १८ औं अधिवेशनको बैठक आव्हान गरिएको पत्रको व्यहोरा पढेर सुनाउनु भई बैठकको अन्य विषयवस्तु अगाडी बढाउनु भएको थियो ।

**निर्णय नं. २ सभाको सफलताको शुभकामना मन्तव्य सम्बन्धमा।**

सरुमारानी गाउँपालिकाको दोश्रो गाउँसभाको अठारौ अधिवेशनको पहिलो बैठकमा तपशिलका सदस्यहरुले समसामायिक विषयमा शुभकामना मनतव्य राखु भएको थियो ।

तपशिल

- श्री चिन्त वहादुर सोमैमगर- गाउँपालिका प्रवक्ता एवं वडा न. ४ का वडा अध्यक्ष
- श्री लक्ष्मी पल्ली- वडा अध्यक्ष वडा नं ५
- श्री नर बहादुर घर्ती -१ नं. वडा अध्यक्ष
- आशा वि.क. कार्यपालिका सदस्य
- मिन्टु बहादुर गुरुङ्ग-वडा नं. २ का वडा सदस्य
- श्री रुद्र पन्थी- वडा नं. २ का वडा सदस्य

**निर्णय नं.३ लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि, २०८२ सम्बन्धमा ।**

लेखा समितिका संयोजक श्री मिन्टु बहादुर गुरुङ्गले सरुमारानी गाउँपालिकाको **लेखा समिति गठन तथा कार्यसञ्चालन गर्न बनेको कार्यविधि, २०८२** लाई लेखा समिति हुदै गाउँकार्यपालिकामा दफावार छलफल भई सुझाव समेत संलग्न गरी तयार गरिएको प्रतिवेदन सहितको कार्यविधि विधेयक पेश गर्नु भएकोले उक्त कार्यविधि विधेयकलाई सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ गाउँ सभा सचिवालय स्थापना तथा कार्य सञ्चालन कार्यविधि, २०८२ सम्बन्धमा ।**

विधायन समितिका सदस्य श्री रुद्रलाल पन्थीले सरुमारानी गाउँपालिकाको गाउँ सभा सचिवालय **स्थापना तथा कार्य सञ्चालन गर्न बनेको कार्यविधि, २०८२** लाई विधायन समिति हुदै गाउँकार्यपालिकामा दफावार छलफल भई सुझाव समेत संलग्न गरी तयार गरिएको प्रतिवेदन सहितको कार्यविधि विधेयक पेश गर्नु भएकोले उक्त कार्यविधि विधेयकलाई सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ बेरुजु फर्स्यौट कार्यविधि, २०८२ सम्बन्धमा ।**

लेखा समितिका संयोजक श्री मिन्टु बहादुर गुरुङ्गले सरुमारानी गाउँपालिकाको **बेरुजु फछ्यौट गर्न बनेको कार्यविधि, २०८२** लाई लेखा समिति हुदै गाउँकार्यपालिकामा दफावार छलफल

भई सुझाव समेत संलग्न गरी तयार गरिएको प्रतिवेदन सहितको कार्यविधि विधेयक पेश गर्नु भएकोले उक्त कार्यविधि विधेयकलाई सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ संशोधित योजना तथा कार्यक्रम अनुमोदन सम्वन्धमा।**

सरुमारानी गाउँकार्यपालिकाले चालू आ.व.को श्रावण देखि चैत्र २४ गते सम्म विभिन्न मितिमा वैठकले गरेका निर्णय, कार्यक्रम संशोधन, परिमार्जन तथा थप नयाँ योजना तथा बजेटमा भएको थपघट सम्वन्धी तपशिल वमोजिमका प्रस्तावहरुलाई सर्वसम्मतिले स्वीकृत गरियो ।

तपशिल

*मिति २०८२।६।०७ गतेका बैठकका निर्णयहरु*

**निर्णय नं. ८ विधालय भवन निर्माण सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. २ मा रहेको श्री वालविकास मा.वि. गनाहामा नयाँ १० कक्षा संचालन भएको र तहाँ विधालय पूर्वाधारको कमीको कारण विधालय संचालनमा कठिनाई भएकोले संघीय सरकारबाट निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विधालयको भौतिक अनुदान निर्माणमा विनियोजित रु. ५९,००,०००/-बाट श्री वालविकास मा.वि. गनाहको भवन निर्माण गर्ने निर्णय गरियो।

*मिति २०८२।७।३० गतेका बैठकका निर्णयहरु*

१२ विविध

- **योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका वडा नं. ४ को च.न. ३६७ मिति २०८२/०७/३० गतेको पत्र अनुसार चालु आ.व. को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत योजना/वजेट पुस्तिकाको सि.न. २५८ मा रहेको जनता मा.वि. खानेपानी योजनाको संशोधन गरी जनता मा.वि. वाउन्डरी वाल रंगरोगन तथा मर्मत योजनाको रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

*मिति २०८२।८।१५ गतेका बैठकका निर्णयहरु*

**निर्णय नं. ३ बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यक्रम सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस सरुमारानी गाँउपालिकामा आ.व. २०८२।०८३ मा चालु सशर्त अनुदान तर्फको वहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषण सहजकर्ताको पारिश्रमिक तर्फ ३,००,०००।, **पोषणमैत्री स्थानिय शासन प्रवर्द्धन** तर्फ रु ९,००,०००। र सुनौलो हजार दिनका विपन्न महिलाको पोषण सुधारका लागि आयआर्जन अनुदान २८ जनालाई रु २५०००।का दरले जम्मा रु ७,००,०००। गरि जम्मा रु १९,००,०००। बजेट प्राप्त भएको जानकारी गराउदै तपसिल अनुसारको क्रियाकलापहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिलः-

| क.स. | विषयगत क्षेत्र | क्रियापलापहरू | पटक | प्रति इकाई मूल्य | जम्मा रकम | श्रोत (नेपाल सरकार) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | शासकिय प्रवन्ध | गाउँपालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशन समिति बैठक | ३ | १९,०००। | ५७,००० | युरोपियन | २५ जना |
| क | | वडा स्तिरय पोषण तथा खाद्य सुरक्षा सहजिकरण समिति बैठक | ६ | ३३००। | २०,०००।। | युरोपियन | |
| ख | | पोषण सहजकर्ताको तलब भत्ता, पोषाक र मापिक रु ५००। संचार | १३ | ३२,९०२। | ४,४३,७२६। | नेपाल सरकार, युरोपियन र गा पा | १,४३,७२६। गा पा बाट नपुग |
| ग | | पोषण मैत्री नमुना गाउँ अभियान कार्यक्रम | | | १०००००। | युरोपियन | |
| | | जम्मा | | | ६,२०,५२६। | | |
| २ | स्वास्थ्य तर्फ | गर्भवती तथा सुत्केरी महिला तथा किशोरकिशोरी लक्षित पोषण प्रवर्द्धन कार्यक्रम | | | १,००,०००। | युरोपियन | |
| | | जम्मा | | | १,००,०००। | | |
| ३ | शिक्षा तर्फ | दिवा खाजा प्राप्त गर्ने ९ विद्यालयहरुमा स्थानिय स्तरमा उत्पादित खाद्य बस्तुको बारेमा विद्यार्थी, विद्यालयका स्वास्थ्य पोषण फोकल पर्शन शिक्षक र वि व्य स | ९ | १०,०००। | ९०,०००। | युरोपियन | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | का अध्यक्षलाइ अभिमुखुकरण | | | | | |
| | | जम्मा | | | १०,०००। | | |
| ४ | महिला तथा वालबालिका तर्फ | सुनौलो हजार दिनका विपन्न महिलाको पोषणमा सुधारको लागि आयआर्जन अनुदान वितरण | १ | २५,०००। | ७,००,०००। | युरोपियन | |
| | क | ६ वटै वडामा समाजिक सुरक्षा भत्ता कार्यक्रम अन्तरगत बाल पोषण प्रास गर्ने वालवालिकाका अविभावकहरुलाई पोषण सम्वन्धी अभिमुखीकरण | ६ | १५,५००। | ९३,०००। | युरोपियन | २५ जनाका दरले |
| | | जम्मा | | | ७,९०,०००। | | |
| ५ | खानेपानी तथा सरसफाई तर्फ | सवै वडाहरुमा सरसफाई तथा खानेपानी स्वच्छता सम्वन्धी अभियान कार्यक्रम | ६ | १०,०००। | ६०,०००। | युरोपियन | |
| | | जम्मा | | | ६०,०००। | | |
| ६ | कृषि तर्फ | सुनौलो हजार दिनका विपन्न आमाहरुलाइ विउ वितरण / करेसावारी तालिम | १ | | १,२०,०००। | युरोपियन | |
| | | जम्मा | | | १,२०,०००। | | |
| ७ | पशु सेवा तर्फ | सुनौलो हजार दिनका विपन्न आमाहरुलाइ ५ हप्ते ५ वटाका दरले कुखुराका चल्ला वितरण ( २ | | | २,६०,०००। | युरोपियन | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | के जि दान र औषधी ) र ढुवानी | | | | | |
| | | कुल जम्मा | | | २०,४३,५२६। | | |

साथै सुनौलो हजार दिनका विपन्न महिलाको पोषणमा सुधारको लागि आयआर्जन/अनुदान वितरण कार्यक्रम र पोषण मैत्री नमुना गाउँ अभियान कार्यक्रम यस गाउँपालिकाको वडा नं. ६ बुढीचौर, किमिचौरमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ वालविकास केन्द्र छनौट सम्बन्धमा।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ.व.का संघीय विशेष अनुदान अन्तर्गत वालविकास केन्द्र मर्मत, रंगरोगन र कक्षा कोठा व्यवस्थापनका लागि शैक्षिक सामाग्री सहयोग शिर्षकमा विनियोजित रकम रु. ८,००,०००/- बाट तपिशलका विधालयहरुको वालिवकास केन्द्र तहमा भवन मर्मत, रंगरोगन, तारवार गरी वाकी रहेको रकमबाट कक्षाकोठा व्यवस्थापन र शैक्षिक सामाग्रीहरुको व्यवस्थापन मिलाउने निर्णय गरियो ।

तपशिलः

| क्र.स. | वालविकास केन्द्र/विधालयको नाम | ठेगना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | लुकलुके वालविकास केन्द्र भवन | वडा नं. ५ | १,००,०००/- | |
| २ | कल्पना वालविकास केन्द्र भवन | वडा नं. ५ | १,००,०००/- | |
| ३ | टाकुरा वालविकास केन्द्र भवन | वडा नं. ६ | १,००,०००/- | |
| ४ | शिवशक्ति प्रा.वि. भवन | वडा नं. ४ | १,००,०००/- | |
| ५ | संगम प्रा.वि. भवन | वडा नं.३ | १,००,०००/- | |
| ६ | सत्य मा.वि. भवन | वडा नं.२ | १,००,०००/- | वालविकास तह |
| ७ | खोलापारी वालविकास केन्द्र भवन | वडा नं. १ | २,००,०००/- | |
| | | जम्मा | ८,००,०००/- | |

**निर्णय नं. ७. कृषि सिचाई पुर्वाधार आयोजना छनौट सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा प्रदेश समपुरक योजना- कृषि सिचाई पुर्वाधार आयोजना अन्तरगत तपशिलका उप-आयोजनाहरु छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपिशल

| क्र.स. | वालविकास केन्द्र/विधालयको नाम | ठेगना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | वेथीखोला सिचाई योजना | वडा नं. ६ | १०,००,०००/- | |
| २ | हात्तिखाल भित्रिखोला सिचाई योजना | वडा नं. ५ | १०,००,०००/- | |
| ३ | वुढीखोला सिचाई योजना | वडा नं. ४ | १०,००,०००/- | |
| ४ | नौघाट सिचाई योजना | वडा नं. ३ | १०,००,०००/- | |
| ५ | उपल्लो ढाड सिचाई योजना | वडा नं. २ | ५,००,०००/- | |
| ६ | दरभानफाट सिचाई योजना | वडा नं. २ | ५,००,०००/- | |
| ७ | ददेरीखोला सिचाई योजना | वडा नं. २ | ५,००,०००/- | |
| ८ | आटीटार सिचाई योजना | वडा नं. १ | ४,००,०००/- | |
| ९ | डाडागाउँ सिचाई योजना | वडा नं. १ | ५,००,०००/- | |
| १० | फोर्साङ्गवाङ्ग सिचाई योजना | वडा नं. १ | ६,००,०००/- | |
| | | जम्मा | ७०,००,०००/- | |

**निर्णय नं. ९. खोप केन्द्र भवन निर्माण-स्थान छनौट सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथी छलफल गर्दा गाउँपालिकाको चालु आ.व.को वार्षिक स्वीकृत कार्यक्रमको स्वास्थ्य क्षेत्रको खोपकेन्द्र भवन निर्माण शिर्षकमा विनियोजित रु. ५,००,०००/- वाट तपिशलका स्थानहरुको खोपकेन्द्र भवन निर्माण गर्ने निर्णय गरियो ।

**तपिशलः**

- झिलिवाङ्ग खोपकेन्द्र भवन निर्माण वडा नं. १ रु.२,५०,०००/-
- साठीघरे चौपारी खोपकेन्द्र भवन निर्माण वडा नं. ३ रु.२,५०,०००/-

***मिति २०८२।८।२२ गतेका बैठकका निर्णयहरु***

**निर्णय नं.१ संघीय विशेष अनुदानका विभिन्न शिर्षकका कार्यक्रम र तालिमहरु सम्वन्धमा।**

प्रस्ताव न. १ माथि छलफल गर्दा संघीय विशेष अनुदान शिर्षकमा विनियोजित विभिन्न कार्यक्रम निम्नानुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

- बजेट किताबको १.२ मा उल्लेखित शिर्षकबाट प्रा.वि.तहका अति विपन्न परिवारका वालवालिकाहरुको लागि रु. ५,००,०००/- वरावरका झोला र

CamScanner

स्टेशनरी सामान खरिद गरी विधालय र वडा समितिको सिफारिसका आधारमा वितरण गर्ने ।

- **बजेट कितावको १.३.मा उल्लेखित** विपन्न परिवारका कृषक समूहलाई सिचाई पोखरी, गोठसुधार, विउविजन, फलफूलका विरुवा उत्पादन तथा खरिद र वितरण, नश्लसुधार कार्यक्रमहरु संचालन शिर्षकवाट नश्लसुधारको लागि उन्नत जातका वाखा खरिद गरी वितरण गर्ने ।
- **बजेट कितावको १.४. मा उल्लेखित** कुसुण्डा, दलित, विपन्न, अति गरिव तथा अल्पसंख्यक वर्गको लागि सीपमुलक तालिममा आधारित प्रविधि हस्तान्तरण सम्वन्धि सामाग्री सहयोग, कृषि उपकरण सहयोग शिर्षकवाट सिपमुलक तालिमको लागी रु. ३,००,०००/- र प्रविधि हस्तान्तरण सम्वन्धी सामाग्री सहयोग, कृषि उपकरणको लागि रु. १२ लाख १८ हजार विनियोजन गर्ने निर्णय गरियो। जसमध्येवाट
  - वडा नं. ६ का कुसुण्डा, दलित र विपन्न परिवारका सदस्यहरुको सिपमुलक सिलाई कटाई तालिमको लागि रु १,००,०००/-

    प्रविधि हस्तान्तरण, कृषि उपकरण शिर्षकबाट
  - दलितहरुको सीप आरन पेशा आधुनिकीकरणको लागि सामाग्री खरिद र वितरणको लागि ४,००,०००/-
  - परम्परागत बाजा मादल लगाएतका सामाग्री वनाउने व्यवसायिहरु ३ जनाकोको लागि सामाग्री सहयोग रु. ७५,०००/-
  - विपन्न समुदायका सदस्यको लागि मिनिटिलर/हाते टेक्टर लगाएतको कृषि सामाग्री खरिदको लागि रु. ६,८३,०००/-( **५० प्रतशित अनुदान**)
  - अन्य विपन्न वर्गको १ जनालाई एअर कम्प्रेसर मेसिन (३०० लि.) खरिद तथा हस्तान्तरण लागि रु. ६०,०००/- (५० प्रतिशत अनुदान)
- **बजेट कितावको १.५. मा उल्लेखित** कुसुण्डा, दलित, विपन्न, अति गरिव तथा अल्पसंख्यक वर्गको लागि कृषिमूलक व्यसायिक तालिम, विभिन्न सीपमुलक तालिम संचालन शिर्षकवाट वडाले सिफारिस गरेका विपन्न परिवारका सदस्यहरुलाई कृषि/पशुसेवा शाखावाट वाखापालन लगाएत कृषि सम्वन्धि तालिमहरु संचालन गर्ने।
- **बजेट कितावको १.११ मा उल्लेखित शिर्षकबाट** महिलाहरुको मागमा आधारित आयआर्जन मुलक विभिन्न सिपमुलक तालिम संचालनबाट वडा नं. १ र २ का महिलाहरुको लागि ब्यूटिपालर तालिमको लागि रु. १/१ लाख र बाकी ४ वडा वडाका महिलाहरुको सिपमूलक सिलाई कटाई पुनर्ताजकी तालिम संचालन गर्ने र सोको लागि प्रति वडा १/१ लाख विनियोजन गर्ने र सम्बन्धित वडाले तालिम संचालन गर्ने ।

- **बजेट कितावको १.१३ मा उल्लेखित** युवा तथा वेरोजगार सिपमूलक तालिम संचालन शिर्षकवाट ड्राईभिङ्ग तालिम र मिनिटेलर मर्मत तालिम संचालन गर्ने ।सो को लागि सूचना प्रकाशन गर्ने ।
- **बजेट कितावको १.१८ मा उल्लेखित** विपन्न वर्गका जेष्ठ नागरिकहरुकोलागी आखा शिविर कार्यक्रम निशुल्क शल्यक्रिया तथा जेष्ठ नागरिकहरुलाई विभिन्न सामाग्रि सहयोग शिर्षकमा विनियोजन रकमवाट जेष्ठ नागरिकहरुकोलागी आखा शिविर कार्यक्रमको लागी रु. ५०,०००/- र जेष्ठ नागरिकहरुलाई सिरक/व्लाङ्केट सामाग्री खरिद र वितरणको लागि रु. १,५०,०००/- छुट्टाउने ।
- अन्य कार्यक्रमहरु कार्यालयले नियमानुसार संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ ऐरावती वड्डाडा पुठाखोला सडकको भुक्तानी सम्वन्धमा।**

- आ.व. २०८१।०८२ को वार्षिक योजना अन्तर्गतको संघीय समपुरक योजना-ऐरावती वड्डाडा पुढाखोला दाङ्ग सडक सडक स्तरउन्नती योजना(क्रमागत अधुरो) को आ.व.२०८१।०८२ को असार मसान्त सम्पन्न कामको मिति २०८२।१।२५ मा प्रथम रिनङ्गविलवाट रु. २०,३३,५४५/- भुक्तानी भएको, मिति २०८२।३।२४ र २५ मा रिनङ्गविलवाट क्रमशः रु. ३२,४५,३३१/-र २४,७०,३३१/- र पेश्की रकम रु. ७,७५,०००/- गरी कुल रु. ८५,२४,२०७/- भुक्तानी भएको र वाकी काम सम्पन्न गरी अनुगमन/मुल्यांकनका लागि पेश भएको कागजात मिति २०८२।६।१२ गते यस कार्यालयमा दर्ता भएकोछ ।
- वाकी काम वापत यस आ.व. २०८२।०८३ मा प्राविधिक मूल्यांकन र विलका आधारमा भुक्तानी गर्नु पर्ने रकम रु. ७३,००,७०४/- गाउँपालिकाकामा दायित्व सृजना भएकोछ ।सो दायित्व वापतको रकम यस आ.व. मा कार्यान्वयन हुने संघीय र प्रदेश समपूरक योजनावाट ठेक्का आव्हान गरी वचत हुने गाउँपालिका तर्फको वजेटवाट आंशिक रकम भुक्तानी गरी वाकी दायित्व वापतको रकम आगामी आ.व. २०८३।०८४ को वार्षिक वजेटमा सो रकम विनियोजन गरी भुक्तानी गर्ने निर्णय गरियो ।
- यसका साथै उक्त योजना कार्यान्वयनको ढिलासुस्तीका कारण योजना समयमै सम्पन्न नहुँदा निर्धारित समय २०८२।२।३० पछी २०८२।६।११ सम्म जम्मा १०६ दिनको सम्वन्धमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१(क) वमोजिम हुने गरी यस अधिको मिति २०८२।३।२६ को कार्यपालिका वैठकको निर्णय नं. २ समेतका आधारमा पूर्वनिर्धारित क्षतिपुर्ती वापत संझौता रकम रु.१,७१,२४,०९०.१८ (भ्याट सहित) दैनिक ०.०५ प्रतिशतका दरले हुन आउने रु. ८,५६२.०५ ले १०६ दिनको रु ९,०७,५७६.७८ रकम कट्टागरी अन्यदायित्व वापतको रकम नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ खोप केन्द्र भवन मर्मत सम्बन्धमा।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको चालु आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम खोपकेन्द्र भवन मर्मतमा विनियोजन वजेट रु.१,००,०००/- बाट प्यालिवाङ खोप केन्द्रको लागि रु. ९०,०००/- र पाङ्गवाङ्ग खोप केन्द्रको लागि रु १०,०००/- छुट्टाउने निर्णय गरियो ।

**निर्णय नं. ४ योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको चालु आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत तपिशलका योजना तथा कार्यक्रम संशोधन गर्ने निर्णय गरियो ।

तपशिलः

| क.स. | स्वीकृत योजना तथा कार्यक्रमको नाम | वजेट | संशोधित योजनाको नाम | वजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ददेरी खोला चेकड्याम कुलो निर्माण योजना वडा नं. २ | १,५०,०००/- | ददेरी खोला चेकड्याम कुलो निर्माण तथा पाईप खरिद योजना वडा नं. २ | १,५०,०००/- | |
| २ | तल्लो गाउँ खा.पा.टंकी निर्माण वडा नं.६ | १,००,०००/- | धोलवाय टोल सिडी निर्माण वडा नं.६ | १,००,०००/- | |
| ३ | ज्वालामूखी प्रा.वि.फर्निचर र फिल्टर वडा नं.४ | ५०,०००/- | ज्वालामूखी प्रा.वि.फर्निचर, फिल्टर र म्याट खरिद वडा नं.४ | ५०,०००/- | |

*<u>मिति २०८२।०९।०९ गतेका बैठकका निर्णयहरु</u>*

**निर्णय नं. २. राष्ट्रिय योजना आयोगमा समपुरक अनुदान योजना सिफारिस सम्बन्धमा।**

प्रस्ताव न.२ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगको मिति २०८२।०८।२६ गते प्रकाशित सूचना अनुसार आर्थिक वर्ष २०८३/०८४ को लागी समपूरक अनुदानको लागी प्रस्ताव माग भएकोमा गत आर्थिक वर्ष कार्यान्वयनमा रहेको तपशिलको योजना सम्पन्न हुन वाकी रहेको र गाउँपालिकाको पहिलो प्राथमिकतामा परेको योजना भएकोले सो योजनाको लागि रु.३,७५,१०,०००/- प्रस्ताव तयार गरी पठाउने साथै सो योजनाको लागि गाउँपालिकाले व्यहोर्नु पर्ने नियमानुसारको लागत साझेदारी रकम यस गाउँपालिकावाट व्यहोर्ने प्रतिवद्धता सहित निर्णय गरियो।

तपशिल

| सि.न | योजनाको नाम | योजना स्थल | आ.ब.२०८३/०८४ लागी अनुमानित बजेट | | |
|---|---|---|---|---|---|
| | | | संघीय समपुरक अनुदान रु. | स्थानीय तहको साझेदारी रु | जम्मा |
| १ | ऐरावती वड्डाडा पुठाखोला दाङ्ग सडक स्तरउन्नोति योजना (क्रमागत-अधुरो) | सरुमारानी गाउँपालिका वडा न. ३, ४, ५ | २ करोड २५ लाख मात्र | १ करोड ५०लाख १० हजार मात्र | ३ करोड ७५ लाख १० हजार मात्र |

**निर्णय नं. ४ राष्ट्रिय योजना आयोगमा विशेष अनुदान योजना सिफारिस सम्बन्धमा**

प्रस्ताव न.४ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगको मिति २०८२।०८।२६ गते प्रकाशित सूचना अनुसार आर्थिक वर्ष २०८३।०८४ को लागी विशेष अनुदान अन्तर्गत आर्थिक, सामाजिक रुपले विभेदमा परेका वर्ग, समुदाय र क्षेत्र उत्थान तथा जिविकोपार्जन सुधार कार्यक्रम र विधालय शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिबृद्धि कार्यक्रमसंचालनको लागि तपशिलको शिर्षकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपशिलः-

| सि. न. | कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | प्रस्तावित बजेट रु. | आ.ब.२०८२। ०८३ | कैफियत |
|---|---|---|---|---|---|
| १ | आर्थिक, सामाजिक विभेदमा परेका वर्ग, समुदाय र क्षेत्र उत्थान तथा जिविकोपार्जन सुधार कार्यक्रम | तोकिएका वडा/बस्ती समुदाय | १ करोड ५० लाख | १ करोड ५० लाख | सालवसा ली |
| २ | विधालय शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिवृद्धि कार्यक्रम | प्रत्येक वडामा दुई/दुई वटा विधालय नमूनाको रुपमा | १ करोड २० लाख | १ करोड २० लाख | सालबसा ली |

*मिति २०८२।१०।०९ गतेका बैठकका निर्णयहरु*

**निर्णय न. ३ LISP परियोजनाका योजनाको बाकी रकमको योजना छनौट सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP ) को सम्बन्धमा सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।३।२६ गतेको वैठकको निर्णय नं. ६ मा उल्लेख भएका योजनाका साथै तत्कालिन आवश्यकतालाई मध्यनजर गरी स्थानीय पूर्वाधार सहयोग

कार्यक्रम (LISP) को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत छनौट भएका योजनाहरु मध्ये ठेक्कापट्टा प्रकृया मार्फत कार्यान्वयनका लागि अगाडी वढाएका योजनाहरुको ठेक्काअंकमा घटन गई वचत रहेको रकम रु. ९३,९८,६५५.०५ मध्येवाट तपशिलका योजनाहरुमा थप वजेट विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

| | योजनाको नाम | जम्मा रु. | कैफियत |
|---|---|---|---|
| १ | साविक वडा नं ३ र ४ लिफ्ट सिंचाई वडा नं. १ (दोश्रो चरण) | ५,००,०००.०० | |
| २ | रत्ने राङ्गवाङ्ग जस्पुर सिद्धलेख मो. वा. वडा नं ५ (दोश्रो चरण) | २०,००,०००.०० | |
| ३ | साकिने वुढिचौर कुटिचौर ओज्जेनी मो वा वडा नं. ६ (दोश्रो चरण) | ४८,००,०००.०० | |
| ४ | कुडुले सिरुवारी संचरखोला मो वा वडा नं ४ (दोश्रो चरण) | २०,००,०००.०० | |
| ५ | LISP सडकहरुको मर्मत संभार (पहिले विनियोजनमा छुट) | ९८,६५५.०५ | |
| | कुल जम्मा | ९३,९८,६५५.०५ | |

कुल जम्मा-त्रियानव्वे लाख अन्ठानव्वे हजार छ सय पचपन्न रुपैया पैसा पाँच मात्र ।

**निर्णय नं. ५ राष्ट्रिय शैक्षिक सुधार कार्यक्रमको जानकारी सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा नेपाल सरकार शिक्षा तथा मावनस्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको च.न. ५१ मिति २०८२।०९।२९ गतेको पत्र अनुसार राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनको लागि यस गाउँपालिकाको जनता मा.वि. वडा नं. ४ वङ्गाडाको लागि ४ कोठे भवन निर्माणको लागि रु. ६०,००,०००/- (साठी लाख मात्र) वजेट स्वीकृत भई आयकोले उक्त भवन निर्माणको कार्य नियमानुसार अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. ६ मध्य पहाडी मकैवाली प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सरुमारानी गाउँपालिकाको आ.व. २०८२/०८३ का लागि संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) अन्तर्गत मध्य पहाडी मकैवाली प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्वन्धी सूचनाअनुसार पेश भएको श्री सुर्योदय कृषि तथा पशुपालन कृषक समूह, सरुमारानी गाउँपालिका-३, धुवाकोट तथा आ.व. २०८१/८२ मा स्थापना भएका पकेट विकास निरन्तरता कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्वन्धी सूचनाअनुसार पेश भएको श्री ऐरावती बहुउद्देश्यीय साना किसान सहकारी संस्था लि., सरुमारानी गाउँपालिका-४, वङ्गांडा को प्रस्तावलाई छनोट गरी कार्यविधिले तोके बमोजिम कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

<u>मिति २०८२।१०।२२ गतेका बैठकका निर्णयहरु</u>

**निर्णय नं. २ LoCAL परियोजनाका योजना र बजेट विनियोजन सम्बन्धमा ।**

प्रस्ताव नं.२ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको चालु आ.व २०८२।०८३ वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत कार्यसम्पादनमा आधारित स्थानीय जलवायु अनुकूलनका क्रियाकलापहरु कार्यान्वयन (LoCAL Project) शिर्षकमा विनियोजित वजेट रु. १,५७,००,०००/-बाट निम्न योजना तथा कार्यक्रमहरु आगामी गाउँसभावाट अनुमोदन हुने गरी योजना र वजेट बाँडफाँड गर्ने निर्णय गरियो ।

तपशिल:

| क्र.म. | योजना तथा कार्यक्रमको नाम | कार्यान्वयन स्थान | विनियोजित वजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | वसेनीदमार रिचार्ज पोखरी निर्माण र सिचाईकुलो मर्मत योजना | वसेनी दमार सामुदायिक क्षेत्र वन-वडा नं. १ | ३५,००,००० | |
| २ | जैविक मल उत्पादन योजना | वसेनी दमार र वगाले सामुदायिक क्षेत्र वन-वडा नं. १ र २ | २५,००,००० | |
| ३ | विपद प्रभावित समुदायको लागि वहुउद्देशिय भवन/हल निर्माण योजना | वडा नं. ६, बुढिचौर | ४०,००,००० | |
| ४ | विपद प्रभावित समुदायको लागि वहुउद्देशिय भवन/हल निर्माण योजना | वडा नं. ५, जस्पुर | ३०;००,००० | |
| | जम्मा | | १,३०,००,००० | |
| ५ | परियोजनाको तयारी प्रयोजनका लागि | | १५,७०,०००/- | |
| ६ | क्षमता विकासको लागि | | ११,३०,०००/- | |
| | कुल जम्मा | | १,५७,००,०००/- | |

**यस परियोजनाले परियोजनाको तयारी तथा क्षमता विकासबाट गर्नु पर्ने कामहरु:**

- मध्यमकालिन खर्च संरचना निर्माण
- आवधिक योजनाको समिक्षा र अध्यावधिक
- फोहरमैला व्यवस्थापन सम्वन्धि पूर्वसम्भाव्यता अध्ययन
- जैविकमल उत्पादन र वजारीकरण अध्ययन
- उपभोक्ता समितिहरुको अभिमूखीकरण र विभिन्न तालिम
- सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण
- वातावरणीय अध्ययन
- वार्षिक प्रतिवेदन तथा समिक्षा कार्यक्रम
- जलवायु अकुलन योजनाहरुको तथ्यांक संकलन, जलवायु अनुकूलन जोखिम अध्ययन,
- जलवायु अनुकूलन र यसको प्रभावको वारेमा युवा समूहहरुलाई अभिमुखीकरण

**निर्णय नं. ३ सडक बोर्ड तर्फको योजना छनौट सम्बन्धमा ।**

प्रस्ताव नं.३ माथि छलफल गर्दा सडक बोर्ड तर्फ यस गाउँपालिकामा चालु आ.व.मा सडक निर्माण/मर्मत कार्यका लागि रु. ७,६०,०००/- विनियोजन भएकोले सो वजेट कार्यान्वयनको लागि भोम्पाली घुम्टी देखी भुल्के घुम्टी मो.वा. मर्मत योजना छनौट गर्ने र यस गाउँपालिकाले नियमानुसार वेहोर्ने पर्ने साझेदारी रकम रु ३,३०,०००/- यस गाउँपालिकाको सडक बोर्ड नेपाल कार्यक्रम साझेदारी रकम शिर्षकवाट वेहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ राष्ट्रिय रोजगार कार्यक्रमको बजेट बाँडफाँड सम्बन्धमा ।**

प्रस्ताव नं.४ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको चालु आ.व.को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत विनियजित वजेट र गाउँपालिकाले राष्ट्रिय रोजगार कार्यक्रममा साझेदारी शिर्षकवाट विनियोजित रकमबाट कार्यन्वयन गर्ने गरी तपशिलका योजना संशोधन सहित वजेट वाँडफाड गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिलः

झंग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम

| क.स. | योजनाको नाम | वडा नं | श्रमिक संख्या जना | रा. रो. ज्याला रकम | गाउँपालिकाको रकम रु. | | वडा सिलिङ रकम | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | निर्माण सामग्री रकम रु. | ज्याला रकम रु. | | | |
| १ | कुलो निर्माण (तिरिवाँझ, धाद्रा, खोलापारी, ढाव सिचाई कुलो) | १ | ४ | २८३५०४ | १८७९० | ११२१० | २००००० | ५२१५०४ | संशोधित योजना |
| २ | बाँध र कुलो निर्माण (बोधनेखोला, खन्टारटोल कुलो, छहरे बाँध २ वटा) | १ | ६ | ४२५३०० | १८४५२७ | ११५४७३ | १९६००० | ९२१३०० | संशोधित योजना |
| ३ | आटिटार कृषि सडक निर्माण | १ | ४ | २६०३९६ | ४२६८३० | २०३४७० | १२५००० | १०१५६९६ | संशोधित योजना |
| ४ | भुताहा खोला देखि स्वास्थ्य केन्द्र मो.वा. स्तरउन्नति | २ | ५ | ३३४००० | २७९०१० | २६५१० | ० | ६३९५२० | |
| ५ | वुडो चौपारी कालीमाटी मो.वा. पक्की नाली निर्माण वडा नं ३ गोठेरी | ३ | ३ | २००००० | २००००० | ० | ० | ४००००० | |
| ६ | विराहा सिंचाई कुलो निर्माण हंसपुर | ३ | ६ | ४००००० | ३५५७०० | ४४३०० | ० | ८००००० | |
| ७ | गढी ढाव मो.वा. स्तरउन्नती | ४ | ४ | २६७२०० | ३०४४०० | ० | ० | ५७१६०० | |
| ८ | कल्पना, लुकलके बाल विकास भौतिक पूर्वाधार निर्माण योजना | ५ | ६ | ४००८०० | ३२७४५० | ६५४३० | ० | ७९३६८० | |
| ९ | धैरेखपटे सिढि तथा रेलिङ निर्माण सरुमारानी ६ | ६ | ६ | ४००८०० | ४२८९०० | ० | ० | ८२९७०० | |

खड्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष



CamScanner

- नोटः यस गाउँपालिकाको चालू आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत वडा नं. १ को बजेट किताबको सि.न. १८३ र १८४ मा रहेको योजना तथा बजेटलाई माथि टेवलको क्र.स. १, २ र ३ अनुसार संशोधन गरी कार्यान्वयन गर्ने ।

**निर्णय नं. ७ विविध**

- **योजना संशोधन सम्बन्धमा ।**

यस गाउँपालिको चालू आ.व.को वडा नं १ को भन्डारी टोल सिचाई ईनार ( बजेट रु. ५०,०००) योजनालाई संशोधन गरी भन्डारी टोल सिचाई योजना नामाकरण गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

- **योजना मर्मत संभार सम्बन्धमा ।**

सरुमारानी गाउँपालिकाको झिलिवाङ्ग-दोमई मो.बा. मर्मतको लागि यस गाउँपालिकाको सडक वोर्ड नेपाल कार्यक्रम साझेदारी रकम शिर्षकबाट रु. ७०,०००/- रकमान्तरण गरी खर्च गर्ने निर्णय गरियो ।

*<u>मिति २०८२।११।२८ गतेका बैठकका निर्णयहरु</u>*

**निर्णय नं.४.ऐरावती-बङ्गाडा-पुठाखोला-दाङ्ग सडकको गतबर्षको दायित्व भुक्तानी सम्बन्धमा।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८१।०८२ को वार्षिक योजना अन्तर्गतको संघीय समपुरक योजना-ऐरावती वङ्गाडा पुठाखोला दाङ्ग सडक सडक स्तरउन्नती योजना(क्रमागत अधुरो) को आ.ब.२०८१।०८२ को असार मसान्त सम्म काम सम्पन्न हुन नसकी २०८३।६।१२ सम्ममा सम्पन्न भएकोमा उक्त कार्यका लागि बजेट विनियोजन नभएकोले सो दायित्व वापतको रकम यस आ.व. मा कार्यान्वयन हुने संघीय/प्रदेश समपूरक योजनाबाट ठेक्का आव्हान गरी वचत हुने गाउँपालिका तर्फको वजेटबाट हाललाई रु. ३१,००,०००/- रकम रकमान्तर गरी उक्त रकमवाट पूर्वनिर्धारित क्षतिपुर्ति, धरौटी , अग्रिम आयकर जस्ता सम्पूर्ण रकम कटौती गरी बाकी रकम भुक्तानी गर्ने र वाकि दायित्व वापतको रकम आगामी आ.ब. २०८३।०८४ को बर्षिक बजेटमा विनियोजन गरी भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५. नेवा खानेपानी योजना सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकामा चालु आ.व. मा यस गाउँपालिका र नेवा परियोजनाको साझेदारीमा संचालित चप्लीखोला बुढीचौर लिफ्ट खानेपानी योजनाको धेरैजसो काम सम्पन्न भएको र खानेपानी योजनाको लिफ्टिङ्गको लागि थ्रिफेजको विधुत आवश्यकता परेको र सो वापतको वजेट विनियोजन नभएकोले उक्त योजनाको विधुतिकरणको नपुग हुने बजेट मध्ये गाउँपालिकाले थप रु. ५,००,०००/- यस गाउँपालिकाको तपिशलको शिर्षकबाट रकमान्तर गरी

कार्यान्वयन गर्ने वाकि रकम व्यवस्थापनको लागि नेपालले स्वास्थ्यका लागि पानी (नेवा) संस्थालाई अनुरोध गर्ने निर्णय गरियो ।

तपशिलः

- -र्याफ्टिङ्ग प्याराग्लाईडिङ्ग सम्भाव्यता अध्ययन — रु. ३,००,०००/-
- भूमि समस्या समाधान आयोग कार्यक्रम खर्च- २,००,०००/-

**निर्णय नं. ६. LoCAL परियोजना अन्तर्गत जैविक मल उत्पादन सम्बन्धमा ।**

प्रस्ताव नं.६ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।१०।२२ गतेको वैठकको निर्णय नं. २ अनुसार चालु आ.व २०८२।०८३ वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत कार्यसम्पादनमा आधारित स्थानीय जलवायु अनुकूलनका क्रियाकलापहरु कार्यान्वयन (LoCAL Project) शिर्षकमा विनियोजित वजेट रु. १,५७,००,०००/-बाट जैविक मल उत्पादन योजना (वसेनी दमार र वगाले सामुदायिक क्षेत्र वन- वडा नं. १ र २) लाई रु. २५००००००/- विनियोजन भएकोमा तहाँका उपभोक्ता माग अनुसार उक्त वजेटलाई तपशिल वमोजिम बाँडफाँड गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिलः

योजना तथा कार्यक्रमको नाम स्थान र वजेटः जैविक मल उत्पादन योजना (वसेनी दमार र वगाले सामुदायिक क्षेत्र वन- वडा नं. १ र २) रु. २५,००,०००/-

| क्र.म. | संशोधित योजनाको नाम ठेगना | विनियोजित वजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | जैविक मल उत्पादन योजना-वसेनी दमार सा. व. वडा नं. १. मेसिन सामाग्री खरिद | ९,००,०००/- | गाउँपालिकाले खरिद गरी उपलब्ध गराउने |
| २ | जैविक मल उत्पादन योजना वगाले सा. व. वडा नं. २ मेसिन सामाग्री खरिद | ९,००,०००/- | गाउँपालिकाले खरिद गरी उपलब्ध गराउने |
| ३ | जैविक मल उत्पादन योजना-वसेनी दमार सा. व. वडा नं. १. पुर्वाधार निर्माण | ५,५०,०००/- | सामुदायिक वन उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने |
| ३ | जैविक मल उत्पादन योजना वगाले दमार सा. व. वडा नं. २ पुर्वाधार निर्माण | १,५०,०००/- | सामुदायिक वन उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने |
| | जम्मा | २५,००,०००/- | |

19

साथै वगाले सामुदायिक वनमा जैविकमूल उत्पादनको लागि पूर्वाधार निर्माण, शौचालय, पानी गुणस्तरचेक, कुहाउने रसायन ( व्याक्टेरिया) लगाएको अपुग हुने कार्यमा वजेट व्यवस्था र अन्य व्यवस्थापकीय कार्य PEEDA संस्थाले सहयोग तथा सहजीकरण गर्ने र सव-डिभिजन वन कार्यालय, दर्भानले सामुदायिक वनको कार्ययोजना तयारी, समुह बैठक व्यवस्थापन,समन्वय र सहजीकरणमा सहयोगको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय १२ विविध**

- **योजना संशोधन सम्बन्धमा ।**

  यस गाउँपालिकाको चालू आ.ब.को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत तपशिलका योजनाहरु लाई एकीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

  तपशिलः

| क्र.स. | योजनाको नाम | वजेट रु. | स्रोत | संशोधित योजनाको नाम |
|---|---|---|---|---|
| १ | संगम प्रा.वि. कक्षाकोठा मर्मत योजना | ४०,०००/- | अन्तरिक श्रोत | संगम प्रा.वि. कक्षाकोठा मर्मत तथा रंगरोगन योजना-१,४०,०००/- |
| २ | संगम प्रा.वि. कक्षाकोठा मर्मत तथा रंगरोगन योजना | १,००,०००/- | संघीय विशेष अनुदान | |

**कार्यपालिकाको मिति २०८२।१२।१९ गतेका बैठकका निर्णयहरु**

**निर्णय नं. १६. डिजिटल विधालय कार्यक्रमको ईलेक्ट्रिक वाईरिङ्ग, नेटवर्किङ्ग, पावर व्याकअप शिर्षकको बजेट सम्बन्धमा ।**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा डिजिटल विधालय कार्यक्रमको ईलेक्ट्रिक वाईरिङ्ग, नेटवर्किङ्ग र पावर व्याकअप शिर्षकमा विनियोजित बजेट रु. २२,५०,०००/- लाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रतिकुल नहुने गरी तपिशल बमोजिम संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।
तपशिलः

- ईलेक्ट्रिक वाईरिङ्ग- रु. १०,००,०००/-
- नेटवर्किङ्ग, पावर व्याकअप- रु. रु. १०,००,०००/-
- ईन्टर एक्टिभ वोर्ड स्टयान्ड- रु. २,५०,०००/-

**निर्णय नं. २३ योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।**

यस गाउँपालिकाको चालु आ.व. को स्वीकृत वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत निम्न योजना तथा कार्यक्रम गाउँसभाबाट अनुमोदन हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

- तपशिलः

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | विनियोजित वजेट रु. | संशोधित योजना तथा कार्यक्रमको नाम | वजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | वजेट किताबको १.४ मा उल्लेखित शिर्षकबाट सिपमुलक तालिममा वचत रकमबाट (संघीय विशेष अनुदान) | | आधारभूत सिलाई कटाई तालिम-वडा नं. ५ | २०,०००/- | संघीय विशेष अनुदानबाट संचालित सिलाईकटाई तालिममा सहभागी धेरै भएकोले वजेट अपुग । |
| २ | बुडो पधेरो मर्मत योजना | ५०,०००/- | गैराटोल मो.बा.निर्माण योजना-वडा नं. ५ | ५०,०००/- | |
| ३ | कुमाल धामीजाती सशक्तिकरण कार्यक्रम | १,५०,०००/- | कुमाल जाती सशक्तिकरण कार्यक्रम | ५०,०००/- | |
| | | | धामीजाती सशक्तिकरण कार्यक्रम | ५०,०००/- | |
| | | | राउत जाती सशक्तिकरण कार्यक्रम | ५०,०००/- | |
| ४ | अन्य सेवा शुल्क | ७५,००,०००/- | अन्य सेवा शुल्क | १०,००,०००/- | चालु प्रशासनिक शिर्षक |
| | | | करार सेवा शुल्क | ६५,००,०००/- | |
| ५ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागी निःशुल्कवितरण औषधि खरिद तथा ढुवानी | १००००००/- | ददेरी आधारभूत स्वास्थ्य सेवा केन्द्रको वर्थिङ्ग सेन्टर मर्मत तथा टायल विछ्याउने योजना वडा नं. २ | ६५,०००/- | |

कार्यपालिकाको मिति २०८२।१२।२४ गतेको निर्णय

**निर्णय नं. २. बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.व.२०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रममा निम्नानुसार कार्यक्रमहरु गाउँसभाबाट अनुमोदन हुने गरी संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपिशल:

| क.स. | योजना तथा कार्यक्रमको नाम | विनियोजित बजेट रु. | संशोधित योजना तथा कार्यक्रमको नाम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | ३,३६,०००/- | सामाजिक परिचालन | ५०,४००/- | १५% |
| | | | उद्यमशिलता विकास तालिम | ८४,०००/- | २५% |
| | | | प्राविधिक सिप विकास तालिम | ६७,२००/- | २०% |
| | | | प्रविधि हस्तान्तरण | ६७,२००/- | २०% |
| | | | वित्तिय सेवामा पहुँच | ३३,६००/- | १०% |
| | | | वजारीकरणमा सहयोग | ३३,६००/- | १०% |
| ३ | टुनी खर्क सिमलगौडा मो.वा. निर्माण योजना-वडा नं ३ | १,००,०००/- | पुरानो हेल्थपोष्ट भवन मर्मत अधुरो योजना-वडा नं ३ | १,००,०००/- | |

**निर्णय नं. ७ समसामायिक विषयबस्तुहरु/प्रस्तावहरु सम्बन्धमा ।**

सरुमारानी गाउँपालिकाका प्रवक्ताज्यूले पेश गर्नु भएको तपशिलका प्रस्तावहरुलाई सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो ।

<u>महत्वपूर्ण योजनाहरु माग तथा समसामायिक विषयहरु:</u>

१. यस गाउँपालिकाको दोश्रो गाउँसभाको १८ औ अधिवेशनले निम्न विषयमा प्रस्तावहरु पारित गर्दै उक्त प्रस्ताव/मागहरु नेपाल सरकार समक्ष पेश गर्ने निर्णय गर्दछ ।

- २०४२ साल देखि शुरु गरिएको राष्ट्रिय गौरवको आयोजना नौमुरे वहुउद्देशीय जलविद्युत आयोजना कार्यान्वयनको अवस्था अत्यन्त मन्द गतिमा अघि बढेको हुँदा उक्त आयोजनालाई तिव्र गतिमा विकास गर्नको लागि वजेटको व्यवस्था गरिनु पर्ने ।
- नौमुरे पहुँच मार्ग स्तर उन्नती छिटो गरिनु पर्ने ।



CamScanner

- नौमुरे आयोजनाको जग्गा अधिकरण कार्यको लागि आवश्यक पर्ने सम्पूर्ण रकम आ.व.२०८३/०८४ मा विनियोजन गरिनुपर्ने ।
- लोसार मैदान राप्ति नदी दर्भान खोला तटवन्धन गरि Rapti river beach Tourism प्रवर्द्धन गरिनु पर्ने ।
- गनाहा खोला नदि नियन्त्रण (३-४ km) तटवन्धन गरिनु पर्ने ।
- ऐरावती- वड्डाँडा -जस्पुर -पुठाखोला -मो .वा २७ कि.मी मध्ये करीव २० किमी सडक कालोपत्रे गरिनुपर्ने ।
- वड्डाँडा, धनकोट, उपल्लो छुट्टी खुट्टी वुढिचौर मोटर वाटोको वाँकि रहेको Track खोल्नु पर्ने।
- वड्डाँडा धनकोट संग्राकोट कटेनी छेडा मुर्कुट्टी मोटरवाटोको वाँकी रहेको Track खोल्नु पर्ने।
- थकलेनी मुर्कुट्टी मोटरवाटो स्तरउन्नती र सो सडकमा पर्ने वायवोलाको ओज्जेनीमा पक्की पुल निर्माण गरिनु पर्ने ।
- पुथाखोला, गनाह खोला तथा माडीखोला तथा माडिखोलाको कुडुलेमा पक्की पुल निर्माण गरिनु पर्ने।
- वृहत वाङ्गेशाल सिचाइ आयोजना (वडा नं १र २) आयोजना संचालन गरिनु पर्ने ।

२. सरुमारानी गाउँपालिकाको सवै मुख्य वस्तीमा विद्युतीकरण भएता पनि लो भोल्टेजका कारण घरेलु मिल, लिफ्ट खानेपानी, लिफ्ट सिचाई संचालन उपकरण मात्र होइन, विद्युतीय वल्भ सम्म राम्रो संग नवल्ने समस्य देखिएको विद्युत ट्रान्सफर थप विद्युतीय पोल थप गरि स्तरउन्नतीका लागि BPC र NEA संग माग गर्ने ।

३. भुमीहिन दलित, भुमीहिन सुकुवासी र अव्यवस्थित वसोवासीको वर्षौं देखिको समस्या समाधानको निमित्त भुमी समस्या समाधान आयोग गठन भई सरुमारानीमा भुमिहिन दलित र भुमीहिन सुकुम्वासीको समस्या समाधान गर्ने दिशामा धेरै काम अघि वढेकोमा उक्त कार्य लाई परिणाममुखि ढंङ्गले अन्तिम टुङ्गो लगाउन आवश्यक तदारुकता देखाउन नेपाल सरकार तथा भूमी समस्या समाधान आयोगलाई अनुरोध सहित ध्यानार्कषण गराउने ।

४. इरान-इजराइल अमेरिकाको युद्धको कारण संसार भर र विशेष गरी खाडी क्षेत्रमा रोजगारमा कार्यरत नेपाली दाजुभाई दिदि वहिनीहरुको जिवन जोखिममा परिरहेको सन्दर्भमा जोखिममा रहेका नेपाली दाजु भाई दिदि वहिनीहरुलाई स्वदेश फिर्ता गर्ने वातावरण निर्माण गर्नका लागि आवश्यक पहल कदमी गर्ने नेपाल सरकार समक्ष माग गर्ने ।

५. यो गाउँसभा सरुमारानी गाउपालिकाको वडा नं १ र २ का विभिन्न घाटहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा मेसिन प्रयोग गर्नु पर्ने भएका वातावरणीय अध्ययन प्रतिवेननमा उल्लेखित शर्त र सीमा भित्र रही गर्नुपर्ने व्यवस्था रहेको साथै विपद् संवेदनशील क्षेत्रमा मेसिनको प्रयोग गर्नुपर्ने भएमा जिल्ला विपद् व्यवस्थापन समितिको अनुमति लिनुपर्ने कुरा उल्लेख गरिएकोले पालिका अन्तर्गत संचालनहुने संघ, प्रदेश र स्थानीय तहका ठुला प्रकृतिका विकास आयोजनाहरूको लागि आवश्यक पर्ने नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) उत्खनन् र उपभोग कार्यमा समन्वय र

सहजीकरण लागि विगतका वर्षहरुमा जस्तै जिल्ला अनुगमन समिति, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय प्युठानमा लेखी पठाउने ।

६. मौसम परिवर्तन संगै विभिन्न स्थानमा आगलागीका घटनाहरु सुरु हुन लागेको व्यहोरा अवगत नै छ। विगत वर्ष हाम्रो गाउँपालिकामा आगलागिको घटना सुरु हुन साथ हाम्रो सवैको प्रयासमा आगोलागी नियन्त्रण गर्न सफल भई जनधनको क्षती कम गर्न सफल भएकोमा सवै सरोकारवालाहरुलाई धन्यवाद दिन्छौ। यस वर्ष पनि सवै जनप्रतिनिधिहरु, कर्मचारीहरु, राजनैतिक दलहरु, सामुदायिक वन उपभोक्ता समितिहरु, सुरक्षा निकाय, शिक्षकंहरु, विद्यार्थीहरु, विभिन्न संघसंस्था एवं नागरिक समाज सवैको संयुक्त प्रयासमा आगलागी हुन नदिने गरी कार्य गर्नु हुन सवैमा हार्दिक अपिल गर्दछौं ।

आगलागी कार्य कानुन वमोजिम दण्डनीय कार्य भएकोले जो कसैले अटेरी गरी विभिन्न कार्य वा प्रयोजनको नाममा वनजंगल, घरवस्ती, खेतवारीका ढिककान्लामा आगलागी गर्ने कार्यमा संलग्न भएको पाईएमा त्यस्ता व्यक्तिहरुलाई कानुन बमोजिम दण्ड, जरिवाना, कारवाहीको लागि सम्वन्धित निकाय (गाउँपालिका, वडा कार्यालय वा नजिकको प्रहरी चौकी वा सरकारी कार्यालय) मा तत्काल जानकारी गराउन हुन यस गाउँसभा मार्फत सवै सरोकारवाला सँग अनुरोध गर्ने ।

उपरोक्त निर्णयहरु सर्वसम्मतिले गरी २०८२ चैत्र २४ गते यस गाउँपालिकाको अठारौ गाउँसभा सौहार्दपूर्ण वातावरणमा समापन गरियो ।

प्रमाणिकरण मितिः २०८२।१२।२५